दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २८२ | बुटवल | २०८१ असोज २२, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Oct. 08, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## कात्तिकदेखि भैरहवाबाट फ्लाई दुबईको नियमित उडान

लुम्बिनी संवाददाता

*भैरहवा*

फ्लाई दुबईले आगामी कार्तिक २४ गतेदेखि भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने भएको छ।

हप्ताको साते दिन फलाई दुबईले दुबई-भैरहवा र भैरहवा, काठमाडौं हुँदै दुबई उडान गर्न लागेको हो । नेपाल नागरिक उड्डयन प्राधिकरणका सहप्रवक्ता ज्ञानेन्द्र भूलले कार्तिकदेखि फलाई दुबई भैरहवा उडान भर्न तयार रहेको जानकारी दिए। फ्लाई दुबईको जहाज दिउँसो एक बजेर ४५ मिनेटमा भैरहवा अवतरण गर्नेछ। भैरहवाबाट पौने ३ बजे काठमाडौं प्रस्थान गरेर साढे ३ बजे काठमाडौंमा पुग्ने छ। काठमाडौंबाट साढे ४ बजे दुबई उड्ने उनले जानकारी दिए। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि एकतर्फी उडान भए पनि भैरहवाबाट दुबई जानेलाई सहज हुने भूलको भनाइ छ।

भैरहवाबाट दुबई जान चाहनेले काठमाडौंमा एक घण्टा 'ट्रान्जिट'मा बस्नु पर्नेछ । फलाई दुबई यूएईको राष्ट्रिय ध्वजावाहाज वायुसेवा हो । यसैबिच कुवेतको जजिरा एयरवेज फेरि भैरहवा आउने भएको छ। जजीराले कार्तिक १२ गते अर्थात अक्टोवर २८ बाट कुवेत-भैरहवा-कुवेत उडान गर्न लागेको हो । विमानस्थलबाट उडानका लागि जजीराले सोमबार नागरिक उड्डयन प्राधिकरणसँग अनुमति मागिसकेको छ। हप्तामा ३ दिन जजीराको जहाज बिहान ६ बजेर २५ मिनेटमा भैरहवा आएर ७ बजेर १० मिनेटमा कुवेत उड्ने भूलले बताए।

जजीराले सुरुमा राति २ बजे आएर ३ बजे फर्किने गरी उडान गर्न खोजेको थियो । दुई वर्ष अघि २०७९ जेठ २ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन भएसँगै जजीराले भैरहवामा उडान थालेको थियो । अन्तर्राष्ट्रिय उडान नियमित नहुँदा विमानस्थललाई लक्षित गरेर होटेललगायत पर्यटन क्षेत्रमा भएको अर्बौं रुपैयाँको लगानीले प्रतिफल दिन नसक्दा व्यवसायीहरु निराश छन् ।




**फूलपातीका दिन नेपाल एयरलाइन्सको उडान**

काठमाडौंबाट बाहिर जाने यात्रुको चाप बढेपछि नेपाल एयरलाइन्सले फूलपातीका दिन काठमाडौं-भैरहवा-काठमाडौं रुटमा उडान गर्ने भएको छ।

नेपाल एयरलाइन्सका अनुसार २४ असोजका दिन न्यारोबडी जहाजबाट भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्न लागिएको हो। काठमाडौंबाट बाहिर जाने यात्रुको चापलाई ध्यानमा राख्दै प्रतिव्यक्ति एकतर्फी ७ हजार रुपैयाँ भाडामा यो रुटमा उडान गर्न लागिएको नेपाल एयरलाइन्सले जनाएको छ।

आरए १७३३ उडान नम्बर रहेको जहाज बिहान ११ बजे काठमाडौंबाट उड्ने भएको छ। यस उडानमा ३० किलोसम्म लगेज निःशुल्क बोक्ने समेत नेवानिले जनाएको छ । सोही जहाज १२:३० बजे भैरहवाबाट काठमाडौं उड्ने छ। जसको भाडा ३ हजार ८९० राखिएको छ। यस उडानका लागि निगमको कार्यालय, वेबसाइट र आफ्नो मोबाइलबाटै अनलाइन टिकट समेत लिन सकिने नेवानिको भनाइ छ। यो १५८ सिटे जहाज हो।

## साढे ५० लाखको कपडासहितको ट्रक बरामद

बुटवल । रुपन्देही प्रहरीले भन्सार छलेर ल्याइएको करिब साढे ५० लाख मूल्य बराबरको कपडासहितको ट्रक बुटवलबाट बरामद गरेको छ।

अवैध सामान ओसार पसारको सूचनाका आधारमा प्रहरीले पिछा गर्दै जाँदा बुटवल उम-पहानगरपालिका-१५ उजेलापुरबाट लु १ ख ८३४० नं.को ट्रकलाई बरामद गरेको हो । ट्रकलाई नियन्त्रणमा लिई चेकजाँच गर्दा भन्सार छली अवैधरुपमा ल्याएका ५० लाख ४२ हजार चार सय पचास रुपैयाँ बराबरको लत्ताकपडा फेला परेको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक रञ्जितसिंह राठौरले बताए।

पछिल्लो ६ महिनामा रुपन्देहीमा यति ठूलो परिमाणमा अवैध सामान बरामद भएको यो ठूलो घटना भएको राठौरले बताए। उक्त ट्रक र कपडा बुटवलको कुनै कपडा व्यापारीकोमा लैजाँदै गर्दा प्रहरीले बरामद गरी आवश्यक कारबाहीको लागि भैरहवा भन्सार कार्यालयमा पठाइएको उनले बताए।

ट्रक र कपडा बरामद भए पनि कपडा धनी र चालक भागेका राठौरले जानकारी दिए।

## 'दुर्घटना हुन नदिन चालक सजग हुनुपऱ्यो'

भैरहवा । चाडपर्वलाई लक्षित गर्दै रुपन्देहीका ५ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ। चाडपर्वको समयमा हुने भिडभाड व्यवस्थित गर्न पर्यटक र आम नागरिकलाई अनावश्यक हैरानी/झण्झट तथा लुटिनुपर्ने बाध्यात्मक परिस्थितिबाट मुक्त गर्ने उद्देश्यले यात्रुहरुको सहयोगका लागि रुपन्देहीको यी स्थानमा सहायता कक्ष स्थापना गरिएको हो।

चाडपर्वको समयमा धेरै दुर्घटनाहरु हुने गरेको विगतको तथ्याङ्कलाई मध्यनजर गर्दै भैरहवा बसपार्कमा स्वास्थ्य परीक्षणसहितको यात्रु सहायता कक्षको व्यवस्थापन गरिएको छ। यहाँबाट छुट्ने गाडीको तथ्याङ्क राखी चालक, सह-चालकको स्वास्थ्य परीक्षण गरी मात्रै गन्तव्यतर्फ जाने व्यवस्था डेस्कमा गरिएको छ। स्थलमार्ग भई सबैभन्दा बढी पर्यटक आउने नाका समेत यही रहेकोले पर्वको समयमा भिडभाड बढी हुँदा नागरिकले सीमा क्षेत्र, बसपार्कहरुमा अनेक समस्या भोग्ने, सवारी चाप र चालकको लापरबाही पनि यही बेला बढी देखिएको पाइएपछि न्यूनीकरणका लागि एकीकृत सेवा प्रदान गर्न लागिएको हो।

सिद्धार्थनगर नगरपालिका प्रमुख इश्तियाक अहमद खाँ, प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, रुपन्देही प्रहरी प्रमुख एसपी रञ्जितसिंह राठौरलगायतले चालक, सह-चालकलाई टिका माला लगाइ भैरहवा बसपार्कमा स्थापना गरिएको सहायता कक्षको उद्घाटन गरे।

सो अवसरमा बोल्दै खाँले चालकहरु सचेत भयौं भने धेरै दुर्घटना नियन्त्रण हुने हुँदा चालकहरु सजग भई सुरक्षित रुपमा यात्रा गराउँदा व्यवहार र बोलीमा पनि नम्रता ल्याउनु पर्ने बताए। यात्रामा कर्मचारीबाट दुर्व्यवहार गरेको सुनिन्छ, यसलाई सुधार्नुपर्ने, बढी भाडा लिने, गन्तव्यमा नछोड्नेलगायतको समस्या समाधान चालकले गर्न सकिने बताए । गलत क्रियाकलापलाई रोक्न नागरिक/यात्रु सहायता कक्ष स्थापना गरिएकोले यस्तो सम्मानले चालक र सह-चालकलाई आफ्नो दायित्व र जिम्मेवारीको बोध हुने बताए।

प्रमुख जिल्ला अधिकारी अर्यालले धेरै जसो दुर्घटना चालकको लापरबाहीले हुँदा जोखिम लिएरभन्दा चनाखो भई सवारी गुडाउनु पर्ने जनाए । पर्वको बेला सवारी चाप हुने भएकोले नै नागरिकले सीमा क्षेत्र, बसपार्कहरुमा अनेक समस्या नभोगुन र दुर्घटना न्यूनीकरणका लागि एकीकृत सेवा प्रदान गर्नेगरि जिल्लाका सीमा नाका, वसपार्क र धेरै भीडभाड हुने स्थानहरुमा नागरिक सहायक कक्ष स्थापना गरेको प्रमुख जिल्ला अधिकारी जानकारी दिए।

पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेलले निर्विवाध रुपले सवारीसाधन उपलब्ध हुने र यो क्षेत्रबाट विभिन्न क्षेत्रमा जाने यात्रुहरुलाई सवारीसाधन भएन, बसपार्कमा दुःख पाएको, छतमा यात्रा गर्नुपर्योलगायतको अनुभूति यातायात व्यवसायीले नदिने प्रतिबद्धता जनाए। 'दसैं दशाको रुपमा परिणत नहुनका निम्ति यात्रुको चापलाई व्यवस्थित गर्न हामी लागेका छौं।'-उनले भने।

छठ पर्वसम्मै राखिने गरी रुपन्देहीको बेलहिया, बुटवल, ककरहवा, पर्सा चोक र भैरहवामा यात्रु सहायता कक्ष स्थापना भई काम गरिरहेको रुपन्देही प्रहरी प्रमुख एसपी रञ्जित सिंह राठौरले बताए । जिल्ला प्रशासन सुरक्षा समितिको योजनामा नेपाल प्रहरी, ट्राफिक प्रहरी र स्थानीय तहको पहलमा सहायता कक्ष स्थापना गरिएको छ। ठाउँ-ठाउँमा भएको चेकिङ सुरक्षाको लागि भएकोले यसलाई सकरात्मक रुपमा लिनु पर्छ। अरुलाई अवरोध नहुनेगरी पर्व मनाउन अनुरोध गर्दै एसपी राठौरले २४ घण्टा नै सुरक्षाका लागि प्रहरी तैनाथ रहेको जानकारी दिए।

चाडपर्वको बेला बाह्य र आन्तरिक यात्रुको आवागमन सुरक्षित गर्ने/गराउने, सीमा क्षेत्र र आन्तरिक यात्रामा हुने सक्ने अवाञ्चित गतिविधिको नियन्त्रण गर्ने/गराउने, यात्रुहरुलाई गन्तव्यमा सुरक्षित रुपमा पुऱ्याउने जिम्मा लिएका चालक र सह-चालकको पेशाप्रतिको सम्मानको भावना जागृत गर्ने/गराउने, नागरिकको सुरक्षित यात्रा सुरक्षित गर्न जिल्ला सुरक्षा समिति, सुरक्षा निकाय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, यातायात व्यवसायी समिति र सरोकारवालाहरुको जिम्मेवारी बोध गर्ने/गराउने जिल्ला प्रशासन कार्यालयको सक्रियता यात्रु सहायता कक्ष स्थापना गरिएको हो।

गलत क्रियाकलापलाई रोक्न नागरिक/यात्रु सहायता कक्षले सहयोग गर्नेछ भने भाडादर, यात्रामा कर्मचारीबाट दुर्व्यवहार भए नभएको एउटै टिकट एकभन्दा बढी यात्रुलाई बेचेमा, चोरी वा लुटपाट भएमा सहायता प्रदान गरिनेछ।

## बाढीपहिरोमा परेर मृत्यु हुने २४६ जना पुगे

काठमाडौं । यही असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढीपहिरोमा परेर सोमबारसम्म मृत्यु हुनेको संख्या दुई सय ४६ पुगेका छन् ।

नेपाल प्रहरीले आइतबार सार्वजनिक गरेको विवरणअनुसार एक सय ७८ घाइते भएका छन् भने १८ जना बेपत्ता रहेको गृहमन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए।

उनका अनुसार कूल १७ हजार एक सय ७४ को उद्धार गरिएको छ । सबैभन्दा ठूलो जनधनको क्षति बागमती प्रदेशमा भएको र त्यसमा पनि काठमाडौं उपत्यकामा धेरै क्षति भएको छ।

बागमतीमा मात्रै एक सय ३९ जनाको मृत्यु भएको छ।

एक सय ७६ आश्रित परिवारलाई 'विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७' बमोजिम राहत रकम उपलब्ध गराइएको छ। प्रभावित परिवारलाई नगद सहायता तथा राहत सामग्री वितरण जारी रहेको उनले जानकारी दिए।

मन्त्रालयअन्तर्गत केन्द्रीय विपद् गोदाममा रहेको राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको मागको आधारमा उपलब्ध गराइएको छ।

आपतकालीन राहत, पुनर्निर्माण र पुनःस्थापनालाई प्रभावकारी बनाउने उद्देश्यले गृहमन्त्रीसहितको टोलीले विभिन्न क्षेत्रको स्थलगत अनुगमन गरी राहत र पुनर्निर्माणलाई गति दिन निर्देशन दिएको प्रवक्ता तिवारीले बताए।

विभिन्न राजमार्गका अवरोध हटाइ वा वैकल्पिक व्यवस्था गरी सञ्चालन गर्ने प्रयास भइरहेको मन्त्रालयले जनाएको छ।

लाभग्राहीको विवरण प्राप्त हुनासाथ प्रभावितलाई खाद्यान्नलगायत तत्काल गुजारा गर्न नगद र अस्थायी आवास निर्माणका लागि पहिलो किस्तावापत् रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट स्थानीय तहमार्फत् उपलब्ध गराइने मन्त्रालयले जनाएको छ।


रेसुङ्गा नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

खिलध्वज पन्थी
नगर प्रमुख

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल



इस्मा गाउँपालिकाको अनुरोध

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

पार्वती कुँवर
उपाध्यक्ष

भगत सिंह थापा
अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल





# सम्पादकीय

## उपभोक्तालाई सीमापारि जान कसरी रोक्ने ?

दसैं आयो, नेपाली बजारमा राम्रो व्यापार भइरहेको छैन । सीमावर्ती भारतीय बजारमा भने नेपाली उपभोक्ताको भीड छ । चिनी, मरमसलादेखि लत्ताकपडासम्म किनमेल गर्न नेपाली उपभोक्ता भारतीय सीमावर्ती बजार गइरहेका छन् । खुला सीमाले नेपाली उपभोक्ता भारतीय बजारसँग सहज पहुँच छ । यसको मारमा नेपाली व्यवसायी पर्दै आएका छन् । यति मात्रै नभई राज्य संयन्त्रले चोरी तस्करी नियन्त्रण गर्न ध्यान दिइरहेको छैन । भन्सार प्रशासनलाई चुस्त बनाउन सरकारको चासो छैन ।

खुला सीमा छ, खुला सीमा र दुई देशका नागरिक सहजै आवतजावत गर्न मिल्ने व्यवस्था भएकाले पनि सीमावर्ती भारतीय बजारमा नेपाली उपभोक्ता किनमेल गर्न सहज छ । नेपाली उपभोक्ता सीमापारिका बजारमा नजाने बानी विकास गर्न यहाँका पसलले कतिपय सामान तथा वस्तुको खरिदमा सहुलियत दिनसक्छन्, यहाँ पाइने सामान र उता किन्ने सामानको गुणस्तरमा पनि फरक छ भन्ने बुझाउन सक्छन्, तर त्यतातिर उपभोक्ताको ध्यान गएको पाइदैन । रूपन्देहीसहितका तराईका जिल्लाका बासिन्दा मात्रै नभएर पाल्पा, गुल्मी जस्ता पहाडी जिल्लाका बासिन्दा बजार गर्न सुनौलीलगायतका भारतीय बजार जाने प्रवृत्ति छ । यसरी दैनिक उपभोग्य बस्तु किन्न लामो दुरी तय गर्दा सुरक्षाको जोखिम छ । हाम्रो यातायात प्रणाली भरपर्दो नभइरहेको र सीमा अपराधको जालोमा नेपाली उपभोक्ता पर्ने जोखिम उत्तिकै छ । यी जोखिमबारे उपभोक्ता सचेतना जगाउन तहगत सरकारले चासो दिन आवश्यक छ । स्थानीय तहले उद्योग वाणिज्य संघलगायतका व्यवसायिक संघसंस्थासँग मिलेर सचेतना अभियान जगाउन सक्छन् ।

भारतीय बजारमा पाइने वस्तुको त्यहाँको दररेट र यहाँको दररेट प्रष्ट उल्लेख गरेर मूल्यसूचीबारे बुझाउने, त्यहाँ जान र आउन लाग्ने यातायात खर्च, समय व्यवस्थापन जस्ता विषयमा पनि जानकारी गराउन सक्दा नेपाली बजारमै रोक्न सकिन्छ । अझ सीमा पारि गएर सामान खरिद गर्नेलाई भन्सार विन्दुमा कडाइ हुनुपर्छ । खुला सीमा भएकाले चोरी तस्करी भइरहेको र राज्य संयन्त्र नियन्त्रण गर्न ध्यान नदिएको बेला नेपाली उपभोक्ताले भन्सार प्रशासनलाई खुला चुनौती दिइरहेका छन् । राज्यसंयन्त्रको प्रभावकारी परिचालनबाट चोरी तस्करी नियन्त्रण गर्न सकिन्छ ।

नेपाली उपभोक्तालाई यतै रोक्नका लागि सिंगो राज्य संयन्त्रको परिचालन आवश्यक छ नै, मूलतः उपभोक्ताको मनोविज्ञान पनि बदलिनुपर्छ ।

# मणिमुकुन्दको अगुवाइमा एक लाख २३ हजार प्रदान



बुटवल । मस्तिस्कमा ट्यूमर भएका कारण भारतमा उपचार गराइरहेका रुपन्देहीको कञ्चन गाउँपालिकाका १० वर्षीय सिजनको उपचारका लागि बुटवलको मणिमुकुन्द कलेजको अगुवाइमा सहयोग संकलन गरी एक लाख २३ हजार प्रदान गरिएको छ ।

काठमाडौं अन्नपूर्ण न्युरोलोजी अस्पतालमा उपचार असम्भव भएपछि हाल सिजनको नयाँदिल्ली साकेटस्थित म्याक्स सुपर स्पेलिस्ट हस्पिटलमा उपचार भइरहेको छ । कञ्चन गाउँपालिका वडा नं. १ लौसा निवासी सुन्दर कार्की र तुलसा कार्कीका छोरा सिजनको उपचारका लागि मणिमुकुन्द कलेजको अगुवाइ र सक्रियतामा विभिन्न विद्यालयका विद्यार्थी, शिक्षक, कर्मचारीबाट खाजा खर्च कटाएर सो संकलन गरी सञ्चारकर्मी दिनेश घिमिरेलाई आइतबार हस्तान्तरण गरिएको छ ।

सो रकम मणिमुकन्द कलेज, दीप बोर्डिङ, सिद्धार्थ बोर्डिङ र लुम्बिनी बोर्डिङ्का सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारीबाट खाजा खर्च कटाएर संकलन गरी मणिमुकुन्द कलेजमा एक कार्यक्रमबिच हस्तान्तरण गरिएको कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले बताए ।

प्राचार्य क्षेत्री, कलेजका भाइस प्रिन्सिपल दिवाकर खनाल र सिजन काकी बचाउ अभियानका दिनेश घिमिरेले सबैको सहयोग भएमा सिजन बचाउन सकिने भन्दै सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे ।

# टेन प्लास्टले विपत प्रभावितलाई ५० प्रतिशत छुट दिने

बुटवल । नवलपरासीको रामग्राम नगरपालिकामा हालै सञ्चालनमा आएको टेन प्लास्ट उद्योगले बाढी पहिरोको विपदबाट प्रभावित नागरिकलाई आफ्ना उत्पादन खरिदमा ५० प्रतिशत छुट दिने घोषणा गरेको छ ।

असोज ११ देखि १३ गतेसम्म परेको भारी वर्षाका कारण आएको बाढी पहिरोबाट प्रभावित नागरिकलाई घर लगायत भवन निर्माणमा आवश्यक पर्ने सीपीभीसी तथा युपीभीसी पाइप र फिटिङ्सका सामान खरिदमा कम्पनीले तोकेको अधिकतम मूल्यमा ५० प्रतिशत छुट दिने घोषणा गरेको हो ।

टेन प्लाष्ट इण्डस्ट्रिज प्रालिका अध्यक्ष धिरज अग्रवालले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै बाढी पहिरोको विपद्बाट प्रभावित परिवारहरुको घर पुनर्निर्माणमा सहयोग गर्ने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत छुटको घोषणा गरेको बताए । विपद प्रभावितलाई व्यक्तिहरुले आगामी पुस मसान्तसम्म स्थानीय प्रशासनबाट प्रमाणित पत्र देखाएमा पसलबाट ५० प्रतिशत छुट प्राप्त गर्नसक्ने अध्यक्ष अग्रवालले बताए ।

यो छुट सुविधा २०८१ चैत मसान्तसम्म लागु हुने कम्पनीले जनाएको छ । 'एमआरपी मूल्यमा ५० प्रतिशत छुटमार्फत सहयोगको यो पहलले बाढी पहिरो प्रभावित समुदायलाई पुनर्निर्माणमा मद्दत पुग्ने कम्पनीको विश्वास छ'-विज्ञप्तिमा उल्लेख छ-'कम्पनीले सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिँदै भविष्यमा पनि यस्ता अभियानलाई निरन्तरता दिने छ' टेन प्लाष्ट उद्योग एक अर्ब लगानीमा हालै मात्र सञ्चालनमा आएको हो ।

# प्लास्टिकजन्य फूल तथा माला प्रयोगमा प्रतिबन्ध

रामपुर (पाल्पा) । रामपुर नगरपालिकाले प्लास्टिकजन्य फूल तथा माला प्रयोग नगर्न आग्रह गरेको छ । स्थानीय उत्पादन फूलमाला प्रयोग गर्न आग्रह गर्दै बजारमा बाहिरबाट भित्रिएका प्लास्टिकजन्य मालाको प्रयोग गर्न प्रतिबन्ध गरेको छ ।

प्लास्टिकजन्य फूल तथा मालाले वातावरणीय प्रदूषण बढाउनुका साथै मानव स्वास्थ्यमा समेत प्रतिकूल असर गर्ने, स्थानीय किसानबाट उत्पादित फूलले बजार नपाउने तथा ठूलो धनराशि बाहिरिने भएकाले प्राकृतिक फूलमाला मात्र प्रयोग गर्न नगर कार्यपालिकाले निर्णय गरी सर्वसाधारणमा सुसूचीत गराएको छ ।

"नेपालीहरुको महान् पर्व विजयादशमी, शुभ दीपावली, नेपाल संवत, छठ पर्वलगायत विभिन्न महोत्सव तथा अन्य सभा-समारोहमा प्लास्टिकजन्य फूलगुच्छा, मालालगायत सामग्रीको उत्पादन, आयात, बिक्री वितरण र भण्डारण नगर्न/नगराउनु हुनका लागि सम्बन्धित सम्पूर्णमा जानकारी गराइन्छ ।"-नगरपालिकाले जारी गरेको सूचनामा उल्लेख छ ।

साथै सूचनामार्फत् नगर क्षेत्रभित्र उत्पादन भइरहेको सयपत्री, गोदावरी, मखमलीलगायत फूलहरु एवं सोबाट बनेका मालाहरु मात्र प्रयोग गर्न अनुरोध गरिएको छ । आइतबार बसेको कार्यपालिका बैठकले सो निर्णय गरेको हो ।

दसैंलगत्तै व्यवसायीले तिहारलाई लक्षित गरी प्लास्टिकका फूल तथा मालाहरु आयात गर्दा व्यवसायी समस्यामा पर्नसक्ने भएकाले कार्यपालिकाले पहिले नै निर्णय गरी सरोकारवालालाई सचेत गराएको छ । प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डितले कार्यापालिकाको निर्णयलाई पूर्णरुपमा कार्यान्वयन गरिने बताए ।

रामपुरमा पछिल्ला वर्षमा व्यावसायिक रुपमा फूल उत्पादन हुन थालेकाले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै प्लास्टिकजन्य फूल तथा माला प्रयोग गर्ने चलन हटाउन थालिएको नगर प्रमुख रमणबहादुर थापाले बताए ।

प्लास्टिकजन्य फूलमालाले स्थानीय उत्पादनलाई समस्या बनाइरहेका बेला नगरपालिकाले गरेको यस निर्णयले व्यवसायीमा उत्साह थपिएको पुष्प व्यवसायी दिलबहादुर थापाले जनाए । उनले रामपुर क्षेत्रलाई दृष्टिगत गर्दै सयपत्रीको व्यावसायिक रुपमा खेती गर्दै आएका छन् ।

# नेप्से परिसूचकमा ३७ अंकको वृद्धि

काठमाडौं । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकको उकालो यात्रा जारी छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सोमबार ३७ दशमलव १३ अङ्कले उकालो लागेर दुई हजार ६९० दशमलव ७२ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव ३२ अङ्कले उकालो लागेर ४८३ दशमलव ७८ मा पुगेको छ । कारोबार भएका १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्यमा गिरावट हुँदा ११ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । कुल एक करोड ५८ लाख ४५ हजार ४४९ कित्ता शेयर रु सात अर्ब नौ करोड ५९ लाख ५३ हजार २७ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार, श्री स्टार हाइड्रोपावर नौ दशमलव ९३, डोल्टी पावर कम्पनी नौ दशमलव ६८, एनआइसी एसिया फ्लेक्सी क्षप फन्ड आठ दशमलव ८०, जोशी हाइड्रोपावर आठ दशमलव ४२ र पिपल्स हाइड्रोपावरका लगानीकर्ताले सात दशमलव ५९ कमाएका छन् ।

यस्तै, इस्टर्न हाइड्रोपावरको शेयरमा आज नकारात्मक सर्किट लागेको छ । साथै कुमारी सबल योजना सात दशमलव ४० प्रतिशत, विन नेपाल लघुवित्त छ दशमलव १४ प्रतिशत, जनउत्थान सामुदायिक लघुवित्त चार दशमलव शून्य सात प्रतिशत र पोखरा फाइनान्सका लगानीकर्ताले तीन दशमलव ७६ प्रतिशतले गुमाएका छन् ।


लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार बिकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
सडक पूर्वाधार विकास कार्यालय
कपिलवस्तु

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

(प्रकाशित मितिः- २०८१/०६/२२)

यस कार्यालयबाट मिति २०८१/०५/२८ मा e-bidding मार्फत प्रकाशित सुचना अनुसार म्यादभित्र bolpatra.gov.np/egp मार्फत पेश हुन आएका दर भाउपत्रहरु मध्ये तपशिल बमोजिमका दरभाउपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १० को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | ठे.नं. | छनौट भएको दरभाउपत्रदाता | कबोल रकम (मु.अ.कर समेत) रु. |
|---|---|---|---|---|
| 1 | Fedarat- Nagawa road upgrading works Kapilvastu 10, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/27 | Ravi Nirman sewa, Kapilvastu -07, Kapilvastu | 10,24,516.76 |
| 2 | Naguwa Fedarat Tenuwa Jagdispur taal connecting road, Kapilvastu Na.Pa. 10, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/28 | Jay Nirman Sewa, Yashodhara-5 Kapilvastu | 12,00,943.55 |
| 3 | Chamarbajhiya Mayalu Tharu ko ghar Bhokar Ittabhata Turuntapur Baniyabhar road upgrading works, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/29 | P.M.B. Construction, Shivraj -11 Kapilvastu | 11,45,253.28 |
| 4 | Banganga Na.Pa. Woda No. 5 ko Madhauli gaun ko Sor Janjir road upgrading works, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/30 | P.M.B. Construction, Shivraj -11 Kapilvastu | 13,25,446.28 |
| 5 | Dewanagadiya Dagarmarawa road and drain 2km, Krishnanagar Na.Pa.-08, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/31 | Kasturi Nirman Sewa, Kapilvastu -02, Kapilvastu | 9,72,063.85 |
| 6 | New vision path Banganga 8 Laugain, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/32 | Kriyashil Nirman Sewa, Shitganga -09 Arghakhanchi | 9,93,908.56 |
| 7 | Palpali sunchadi pasal dekhi laugain chowk samma RCC dhalan, Banganga-8, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/33 | Samik construction, Banganga -09 Kapilvastu | 10,49,331.56 |
| 8 | Bangain Rajmarga uttar furniture tole road upgrading works,Banganga 7, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/34 | S.N.D. Construction, Bhaktapur | 3,78,754.19 |
| 9 | Banganga 7 Barambaba chowk to paschim road upgrading works, Banganga 7, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/35 | Samik construction, Banganga -09 Kapilvastu | 7,32,268.25 |
| 10 | Maryadpur Sultanpur Sihakhor Piparhawa road upgrading works, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/36 | Bindabasini Nirman sewa, Kapilvastu | 14,71,558.32 |
| 11 | Buddha mandhir dekhi campus jane sadak ma culvert nirman, Kapilvastu NaPa 3, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/37 | Sujal Construction, Kapilvastu -04, Kapilvastu | 12,40,263.14 |
| 12 | Link Road (Krishnanagar Chandrauta Road) ko Jawabhari dekhi Itarol Kanchanpur road upgrading works, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/38 | Radharoshan nirman sewa, Shivraj -1 Kapilvastu | 12,59,911.09 |
| 13 | Bijayanagar 5 RTO Baghamarawa road Bijayanagar-5 Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/39 | Prabhunath Construction, Kathmandu | 9,95,317.56 |
| 14 | Bijayanagar Gaunpalika Woda No 4 Bhup Buddhanagar tole ka sadak ko drain-4,Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/40 | Kriyashil Nirman Sewa, Shitganga -09 Arghakhanchi | 10,21,027.77 |
| 15 | Yasodhara Ga.Pa. 5 Budapar gaun Ramsurat Kurmi ko ghar to Kali mandir PCC, Yasodhara Ga.Pa. 5, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/41 | Jay Nirman Sewa, Yashodhara-5 Kapilvastu | 6,78,587.60 |
| 16 | Yasodhara Ga.Pa. 7 Semari gaun ko paschim border road PCC, Yasodhara Ga.Pa. 7, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/42 | Opportunity construction, Kathmandu | 6,85,398.68 |
| 17 | Yasodhara Ga.Pa. 8, Madhunagara gaun ma Chedi Kurmi ko ghar dekhi Krishna Prasad Kurmi ko ghar samma PCC road, Yasodhara Ga.Pa. 8, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/43 | Kasturi Nirman Sewa, Kapilvastu -02, Kapilvastu | 6,84,464.11 |
| 18 | Yasodhara Ga.Pa. 2 paschim Bhadehar sadak to dakshin side Khanepani tanki road, Yasodhara Ga.Pa. 2, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/44 | Purushotam and Sons Construction, Kathmandu | 6,58,828.31 |
| 19 | Yasodhara Ga.Pa. 1, Darakhasawa gaun dekhi Pakadi gaun PCC road, Yasodhara Ga.Pa. 1, Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/45 | Sujal Construction, Kapilvastu -04, Kapilvastu | 7,72,925.65 |
| 20 | Sukharampur dekhi Uttar Pokhari jane road Kapilvastu/Laxminagar nahar Dekhi Sukharampur jane road ,Kapilvastu | RIDOKAP/10134/ SQ/081-82/47 | Sujal Construction, Kapilvastu -04, Kapilvastu | 13,21,587.83 |



मध्यविन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल

## कवाडी जन्य सामानको लिलाम बिक्रीको लागि शिलबन्दी बोलपत्र सम्बन्धी बढाबढ सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०६/२२

यस नगरपालिकामा फोहरमैला ब्यबस्थापनबाट आ.ब. २०८०/८१ भर संकलन गरि पृथकीकरण गरिएको कवाडी सामग्रीजे जस्तो अवस्थामा छ सोहि अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्रि गर्नुपर्ने भएकोले इच्छुक, फर्म, कम्पनी वा संस्थाले देहायेका शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको शिलबन्दी फारम खरिद गरि रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न ३०(तिस) दिनेयो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | मध्यविन्दु नगरपालिकाको आ.ब २०८०/८१मा फोहरमैला पृथकीकरण गरि संकलन गरिएको कवाडी जन्य सामग्री | ८२७७४६.९/- | ३००० /- |

**शर्तहरुः–**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०८१/०६/२२ गते देखी ३० दिन (मिति २०८१/०७/२३) गते कार्यालय समय भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सरसफाई प्रवर्द्धन तथा जैविक मल इकाई बाटबोलपत्र खरिद गर्न सकिने छ ।

२) बोलपत्र मिति २०८१/०७/२५ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ । बोलपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा बोलपत्रवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।

३) बोलपत्रकासाथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३०००००३००१००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Performance Bond) सङ्लग्न गरी पेश गर्नुपर्ने छ ।

४) म्याद भित्र दर्ता भएका शिलबन्दी बोलपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी बोलपत्र फारम भरी आएको बोलपत्रवालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्रखोल्न बाधा पर्ने छैन ।

५) शिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नामा रहेको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००००१००१००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कवोलियत गर्न आउनु पर्नेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेको फर्महरुले बांकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बांकी हुनेले फर्छयौट नगरे सम्म बोलपत्र खरिद गर्न पाउने छैन ।

७) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको बोलपत्रवालाले पालना गर्नु पर्नेछ ।

८) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**मध्यविन्दु नगरपालिका**

# नागरिकको सुरक्षित यात्रामा संस्थाको मुख्य ध्यान छ : खरेल



बुटवल । चाडपर्वमा यात्रुहरुलाई सहज र सुरक्षित यात्राको लागि पश्चिम नेपाल बस व्यवसायी प्रालिको मुख्य ध्यान र चिन्ता रहेको अध्यक्ष दधिराम खरेलले बताएका छन् । व्यवसायीहरुको हकहितसँगै आम यात्रुको सुरक्षित यात्रा र सुविधाको विषयमा संस्था सधैँ गम्भीर रहेको खरेलले बताए । दसैं तिहारलगायत चाडपर्वको अवसरमा शुभामना आदान प्रदान गर्न आयोजित कार्यक्रममा अध्यक्ष खरेलले बुटवलकै गरिमाको रुपमा रहेको अटो भिलेजलाई व्यवस्थित गर्न समेत नयां निर्वाचित टिम र स्थानीय सरकारको पहल जरुरी रहेको बताए ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डे, इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक विजयराज पण्डितलगायतले चाडपर्व नजिकिएसँगै यात्रु र सर्वसाधारणको सुरक्षा, सहजताको विषयमा सबैले आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्ने बताए ।

कार्यक्रममा प्रालिका पूर्वअध्यक्ष चोपनारायण श्रेष्ठ, सुरेन्द्रमान श्रेष्ठ, रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटा, यातायात मजदुर तथा व्यवसायिक भलाई कोषका अध्यक्ष दिनेश फुल्लेल, पश्चिमाञ्चल पेट्रोलियम व्यवसायी समितिका अध्यक्ष हिमाल गैरे, रुपन्देही होटल तथा रेष्टुरेण्ट व्यवसायी संघका अध्यक्ष लेखनाथ भण्डारी, बुटवल अटो इञ्जिनियरिङ एशोसियसनका अध्यक्ष प्रेम गौचन, सुरक्षित यात्रा नेपालका अध्यक्ष कृष्ण बेल्बासे, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखरेल, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्यालले हरेक क्षेत्रमा निरासाको अवस्था रहेको भन्दै यसलाई चिर्ने गरी सबै मिलेर लाग्ने समय आएको बताए ।

कार्यक्रममा प्रालिका वरिष्ठ उपाध्यक्ष नारायण घिमिरेले यात्रुहरुको सुरक्षित यात्राका लागि चालक सह-चालकलाई नियमित प्रशिक्षण दिने गरेको बताए ।

यसैबिच प्रालिले बुटवल अटो इञ्जिनियरिङ एशोसियसनमा निर्वाचित अध्यक्ष प्रेम गौचनसहित पदाधिकारी तथा सदस्यहरुलाई तथा विकास बहुउद्देश्यीय सहकारी संस्थामा निर्वाचित पदाधिकारीहरुलाईसम्मान गरिएको प्रालिका कोषाध्यक्ष मोहन पिएसले बताए ।

**१५ लाख बिमा रकम हस्तान्तरण**

यसैबिच प्रालिले दुर्घटनामा ज्यान गुमाएका प्रालिका सहचालक एवं पश्चिम नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका शेयर सदस्य सन्तोष बिकको परिवारलाई बिमा वापतको रकम हस्तान्तरण गरिएको छ । प्रालिका अध्यक्ष दधिराम खरेल, सगरमाथा लुम्बिनी इन्सुरेन्स कम्पनी लिमिटेडका प्रदेश प्रमुख विश्वदिपक नेपालले परिवारका सदस्य श्रीमती बिबिता श्रीस र छोरा कुशल सुनार (नाबालक) लाई १५ लाख रुपैयाँ रकम हस्तान्तरण गरे ।

एउटा कर्मचारीको परिवारको हितमा संस्थागत रुपमा ठूलो सहयोग गर्न सफल भएको अध्यक्ष खरेलले बताए । विगतबाट नै कर्मचारी र व्यवसायीहरुलाई समेटेर सहकारीमा जोड्ने काम गरेको उनले बताए ।


## कालिगण्डकी गाउँपालिकाको अनुरोध

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**नरेश गिरी** — प्रमुख प्रशासकीय अधिकृत

**बेद बहादुर थापा** — अध्यक्ष

**कालिगण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल


दर्ता नं. २०६७/२०६८ ६९० (२४३०) | फोन नं. ०७१-५७२६४४

(नेपाल सहकारी ऐन २०४८ अन्तर्गत स्वीकृत प्राप्त)

## श्री अविरल बचत तथा ऋण सहकारी संस्था लि.

सिद्धार्थनगर न.पा.-७, भृकुटी पथ, भैरहवा, रुपन्देही

## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०६/२२ गते मंगलबार**

रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ७ भैरहवा स्थित अविरल बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलका ऋणीहरुले लिएको कर्जा रकमको साँवा, सो को व्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी/अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८१/०४/१० को दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको, सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिंदाका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले सिद्धार्थनगर नगरपालिका सहकारी ऐन, २०७४ (प्रथम संशोधन), २०८१ को दफा ५८ (१) तथा ऐ को सहकारी नियमावली २०७८ को दफा २५ (१) एवं संस्थाको कर्जा लगानी तथा असुली कार्यविधि - २०८१ बमोजिम लिलाम बढाबढका लागि यो सुचना प्रकाशन गरिएको छ ।

| क्र. सं | ऋणीको नाम थर | ऋणीको फोटो | धन जमानीको नाम थर | धितोको विवरण |
|---|---|---|---|---|
| १ | नाम : मिस्री लाल धोवी<br>बाबु : श्याम लाल धोवी<br>बाजे : घिसियावन<br>स्थायी ठेगाना : सिद्धार्थनगर न.पा.७,रुपन्देही<br>ना.प्र. नं. २३२५,रुपन्देही<br>जारी मिति : २०३३/११/१९ |  | नाम : बिमला धोवी<br>श्रीमान : मिस्री लाल धोवी<br>ससुरा : श्याम लाल धोवी<br>स्थायी ठेगाना :सिद्धार्थनगर न.पा.७,रुपन्देही<br>ना.प्र. नं. २८७,रुपन्देही<br>जारी मिति :२०४६/०३/०७ | ठेगाना : सिद्धार्थनगर न.पा. १३,रुपन्देही<br>किता नं. २२५<br>क्षेत्रफल :७४ वर्ग मि.<br>सिट : १०४०२३८१२ |
| २ | नाम : ओसि उल्लाह मुसलमान<br>बाबु : इनातुल्ला मु.<br>बाजे : अलिजान<br>स्थायी ठेगाना : सिद्धार्थनगर न.पा.६,रुपन्देही<br>ना.प्र. नं. १/१२/६८९४३, कपिलबस्तु<br>जारी मिति : २०६२/११/१६ |  | नाम : आमिना खातुन<br>श्रीमान : ओसि उल्लाह मुसलमान<br>ससुरा : इनातुल्ला मु.<br>स्थायी ठेगाना :सिद्धार्थनगर न.पा.६,रुपन्देही<br>ना.प्र. नं. ३८-०१-७०-१९४८, कपिलबस्तु<br>जारी मिति :२०७०/१२/२६ | ठेगाना : सिद्धार्थनगर न.पा. ६,रुपन्देही<br>किता नं. ४९<br>क्षेत्रफल :६६.०७ वर्ग मि.<br>सिट : १०४०२३७०८ |

सर्तहरु :

- लिलाम बिक्री यो सूचना प्रकाशित मितिले ३६ औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भो लिपल्ट यस अबिरल बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.७, भृकुटीपथमा विहान ११:०० बजे देखि २:०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ ।
- लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ। बाँकी रकम लिलाम भएको मितिले १५ दिन भित्र दाखिला गर्नुपर्ने छ। १५ दिन भित्र बाकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ। धितोमा रहेको जग्गा नामसारी गरी लिदा लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्नेछ।
- शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन ।
- लिलाम बढाबढ हुँदा सबैभन्दा वढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहीत रहनेछ।
- यस सम्बन्धमा थप बुझ्नुपर्ने भए अबिरल बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.७, भृकुटीपथ मा सम्पर्क राख्नुहोला ।

**अन्य थप जानकारी : ०७१-५७२६४४**

## Gandaki Provincial Government

Ministry of Physical InfrastructureDevelopment and Transport Management

Infrastructure Development Directorate

## Infrastructure Development Office

Nawalaparasi (BardaghatSusta East)

## Invitation for Bids

Date of publication: **2081-06-22 BS**

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding/Sealed Envelope Single Stage Single Envelope procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S.N. | Name of Project | Contract ID | Estimated Cost (Excluding VAT and PS )(NRs.) | Bid Document fee | Last date of bid submission | Bid Security (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of different road in Kawasoti 02 | IDO-NAW(BSE)-W-NCB-09-2081/82 | 6,747,719.60 | 3000 | 2081-07-26 12:00 PM | 200,000 |
| 2 | Upgrading of different road in Kawasoti 11 and 12 | IDO-NAW(BSE)-W-NCB-10-2081/82 | 6,750,409.14 | 3000 | 2081-07-26 12:00 PM | 200,000 |
| 3 | Upgrading of different road in Madhyabindu Municipality and Binayi Triveni Rural Municipality | IDO-NAW(BSE)-W-NCB-11-2081/82 | 5,900,878.73 | 3000 | 2081-07-26 12:00 PM | 175,000 |
| 4 | Upgrading of different road of Kawasoti Municipality 3 and Hupsekot | IDO-NAW(BSE)-W-NCB-12-2081/82 | 8,438,624.26 | 3000 | 2081-07-26 12:00 PM | 250,000 |
| 5 | Upgrading of different road of Kawasoti Municipality 15, 16 ,17 | IDO-NAW(BSE)-W-NCB-13-2081/82 | 8,855,608.45 | 3000 | 2081-07-26 12:00 PM | 250,000 |
| 6 | Upgrading of different road of Madhyabindu Municipality 11 and 15 | IDO-NAW(BSE)-W-NCB-14-2081/82 | 8,434,658.90 | 3000 | 2081-07-26 12:00 PM | 250,000 |
| 7 | Upgrading of different road in Madhyabindu 6,7,13,9 | IDO-NAW(BSE)-W-NCB-15-2081/82 | 8,853,002.31 | 3000 | 2081-07-26 12:00 PM | 250,000 |
| 8 | Upgrading of different road of Devchuli Municipality (Devchuli-10,14,15) | IDO-NAW(BSE)-W-NCB-16-2081/82 | 1,18,14,838.15 | 3000 | 2081-07-26 12:00 PM | 300,000 |
| 9 | Amarchowk dekhi shanti danda janebato starunnati(jyoti bi ka ko ghar hudai), Devchuli 4 | IDO-NAW(BSE)-W-NCB-17-2081/82 | 59,13,251.48 | 3000 | 2081-07-26 12:00 PM | 150,000 |
| 10 | Upgrading of different road in Devchuli Municipality-17(prakritik and yamlal marga) | IDO-NAW(BSE)-W-NCB-18-2081/82 | 49,85,198.44 | 3000 | 2081-07-26 12:00 PM | 129,000 |
| 11 | Rammandir purba dekhi chuwadi samma kalopatre, Devchuli 1 | IDO-NAW(BSE)-W-NCB-19-2081/82 | 25,16,015.24 | 3000 | 2081-07-26 12:00 PM | 65,000 |
| 12 | Upgrading of different road in Devchuli-17(bartandi and bagaicha guthi sadak) | IDO-NAW(BSE)-W-NCB-20-2081/82 | 33,72,471.68 | 3000 | 2081-07-26 12:00 PM | 86,000 |
| 13 | Upgrading of different road of Gaidakot Municipality 1 & 4 | IDO-NAW(BSE)-W-NCB-21-2081/82 | 42,07,696.00 | 3000 | 2081-07-26 12:00 PM | 108,000 |
| 14 | Gyanodaya Ma.Vi ko Bhautik samrachana Marmat Tatha Sudhar | IDO-NAW(BSE)-W-SQ-01-2081/82 | 1,687,976.28 | 1000 | 2081-07-07 12:00 PM | 50,000 |
| 15 | Upgrading of different road of Gaidakot Municipality 1 & 4 | IDO-NAW(BSE)-W-SQ-02-2081/82 | 16,82,864.70 | 1000 | 2081-07-07 12:00 PM | 43,000 |

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:- Rastriya Banijya Bank Ltd.
Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi ( Bardaghat Susta East)
Office Code no. :- 3370146014
Office Account no(Rajaswa).: - 1000100200010000
Rajaswa (revenue) Shirshakno. : 14229


### ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क: **सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

### ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

### ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्क: **तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवल पब्लिकमा अन्तर सदनात्मक फुटबल प्रतियोगिता




बुटवल । बुटवल पब्लिक स्कूलले अन्तर सदनात्मक छात्र फुटबल प्रतियोगिता गरेको छ । प्रतियोगिताको उद्घाटन अखिल नेपाल फुटबल संघ एन्फाका राष्ट्रिय उपाध्यक्ष दिर्घबहादुर केसी (कुमार) ले गरेका थिए ।

सो अवसरमा बोल्दै उपाध्यक्ष केसीले राज्यले गर्नुपर्ने काम बुटवल पब्लिक स्कूलले गरेर फुटबल र क्रिकेट मैदान, स्वीमिङ पूल तथा हाइटेक नर्सरी बनाएर विद्यार्थीलाई खेलकुद, पौडी र तरकारी खेतीको व्यवहारिक ज्ञान दिने नौलो र अनुकरणीय काम गरेको बताए । विद्यालय तहबाटै खेल गतिविधि र प्रतियोगिताहरु नियमित भएमा मात्रै राम्रा खेलाडीहरु उत्पादन हुने उनले बताए । खेलकुदमा ठूलो लगानी गरेर यस्ता नमूना काम गर्ने विद्यालयलाई एन्फाले उच्च मूल्याङ्कन गरी तालिम र अन्य कार्यक्रममा सहकार्य गर्ने उनले प्रतिबद्धता जनाए ।

तिलोत्तमा ११ स्थित आफ्नै खेल मैदानमा भएको प्रतियोगितामा विद्यालयका चार वटा सदनबिच प्रतिस्पर्धा भएको थियो । कक्षा ६ देखि १० सम्मका छात्रहरु खेलेको प्रतियोगितामा एल्लो हाउस विजेता हुँदै उपाधि जितेको छ । फाइनलमा रेड हाउसलाई शून्यका विरुद्ध ५ गोल गर्दै एल्लो हाउस विजयी भएको हो । प्रतियोगितामा एल्लो हाउसका सामिप्य पुन म्यान अफ द म्याच र सोहन थापा उदियमान खेलाडी घोषित भए । त्यसअघि एल्लो हाउसले ब्लु हाउसलाई शून्यका विरुद्ध ७ गोलले विजयी हुँदै फाइनलमा पुगेको थियो । यस्तै ग्रीन हाउसलाई एक गोलले पराजित गर्दै रेड हाउस फाइनलमा पुगेको विद्यालयका भाइस प्रिन्सिपल रामचन्द्र पौडेलले जानकारी दिए ।

विजयी टिम र खेलाडीलाई विद्यालयका संस्थापक अध्यक्ष हेमलाल शर्मा भुसालले मेडल र ट्रफी प्रदान गरेका थिए । विद्यालयले आफ्नै सुविधा सम्पन्न खेल मैदानमा नियमितरुपमा फुटबल, क्रिकेट, बास्केटबललगायतका प्रतियोगिता गर्दै आएको र यसबाट विद्यार्थी र अभिभावक खुशी भएका अध्यक्ष भुसालले बताए ।

# मृतक परिवारलाई ४० हजार राहत प्रदान



बुटवल । ग्रील, स्टिल तथा आल्मुनियम व्यवसायी संघ रुपन्देहीले आफ्ना सदस्य व्यवसायीको उद्योगका कामदारको मृत्यु भएपछि परिवारलाई ४० हजार रुपैयाँ राहत रकम प्रदान गरेको छ ।

देवदह १० चरङ्गेस्थित राना ग्रील उद्योगमा कार्यरत सागर गाहा मगरको मृत्यु भएको र उनको घरको आर्थिक अवस्था निकै कमजोर भएकाले व्यवसायीबाट चन्दा संकलन गरेर मृतकको आमा डेमिसरा राना गाहालाई घरमै पुगेर राहत रकम प्रदान गरिएको हो ।

राहत रकम हस्तान्तरण कार्यक्रममा बोल्दै संघका अध्यक्ष बुद्धिप्रसाद गुरुङ, पूर्व अध्यक्षहरु दिलबहादुर राना, तुलबहादुर सारु, प्रथम उपाध्यक्ष टोलराज डम्बरपाल, तृतीय उपाध्यक्ष मीना थापा तुलाधर कार्यसमिति सदस्य सुरज राना, बुटवल नगर संयोजक नारायणप्रसाद नेपाल, व्यवसायी मान बहादुर रानाले संघको आर्थिक सहयोगले मृतकको परिवारलाई थोरै भए पनि राहत पुग्ने धारणा राखे । संघको यो काम निकै सराहनीय रहेको उनीहरुको भनाइ थियो ।




नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण उपभोक्ता, सेवाग्राही महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ईश्वर चन्द्र अर्याल
निर्देशक (तथा)
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय परिवार भैरहवा, रुपन्देही



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दुर्गा अर्याल — सचिव
सूर्यकुमारी शाही — अध्यक्ष (एवम्)
सिद्धार्थ सामाजिक विकास केन्द्र परिवार
बाणगंगा, कपिलवस्तु



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बलराम भुषाल — प्रबन्धक
चुरामणि पोखरेल — अध्यक्ष (तथा)
साना किसान कृषि सहकारी संस्था लि. परिवार
बुद्धभूमि-९, बर्कलपुर, कपिलवस्तु



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बेदराम अर्याल — क्याम्पस प्रमुख
रवि बहादुर काफ्ले — उपाध्यक्ष
डम्बर शर्मा — अध्यक्ष एवम्)
सिद्धार्थ क्याम्पस परिवार
बाणगंगा, कपिलवस्तु



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शालिकराम पौडेल — प्रबन्धक
भीमप्रसाद सापकोटा — अध्यक्ष (तथा)
साना किसान कृषि सहकारी संस्था लि. परिवार
बाणगंगा न.पा., मोतीपुर, कपिलवस्तु



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गंगा भण्डारी
प्रिन्सिपल
आवरपिस ल्याण्ड एकेडेमी परिवार
बुटवल-७, शिवनगर, रुपन्देही



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा वडाबासी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ज्योतिराज कुँवर
वडा अध्यक्ष (एवम्)
इस्मा गाउँपालिका वडा नं. ३ को कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिनामणि खनाल — प्रबन्धक
लक्ष्मण बेल्वासे — अध्यक्ष (तथा)
सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
बाणगंगा, कपिलवस्तु

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मुक्तिप्रसाद पाण्डे
कार्यालय प्रमुख (तथा)
यातायात व्यवस्था सेवा कार्यालय परिवार
नवलपरासी,ब.सु.प. लुम्बिनी प्रदेश, नेपाल



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, संघसंस्था एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोविन्द प्रसाद पाण्डे
कार्यालय प्रमुख (तथा)
यातायात व्यवस्था सेवा कार्यालय
भैरहवा, रुपन्देही


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com